जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १२६ २०८१ साल मंसिर ३० गते आइतबार (15 Dec. 2024 Sunday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रिय खोप तालिकामा ... ३ पृष्ठमा : 'अस्थिर राजनीतिको असर ... ३ पृष्ठमा : अफ्रिकाका १५ करोड ...

## पत्रकार महासंघ सप्तरीमा पुनः प्रेस युनियनका श्रवण देव निर्वाचित



**दैनिक समाचारदाता राजविराज, २९ मंसिर ।**

नेपाल पत्रकार महासंघ सप्तरी शाखामा पुनः प्रेस युनियनबाट श्रवणकुमार देव निर्वाचित भएका छन् ।

प्रेस युनियन, प्रेस चौतारी र समाजवादी प्रेस संगठनको संयुक्त प्यानलबाट अध्यक्ष पदका उम्मेदवार देवले ४५ मत प्राप्त गरी निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी प्रेस मञ्च र प्रेस संगठनका उम्मेदवार वैद्यनाथ यादवले ३७ मत प्राप्त गरेका छन् ।

त्यस्तै उपाध्यक्षमा देव समूहका अनिल पोखरेल र प्रेस मञ्चका रामनारायण विश्वासले समान ४२/४२ मत प्राप्त गरेकामा गोलाप्रथाबाट विश्वास विजयी भएका छन् ।

यसैगरि महिला उपाध्यक्षतर्फ सुधा देव, सचिवमा खगेन्द्र कार्की, सहसचिवमा कृष्णकुमार मण्डल, सहसचिव समावेशीमा डम्वर राई तथा कोषाध्यक्षमा नवीनकुमार गुप्ता निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत वैद्यनाथ झाले जानकारी दिए । कोषाध्यक्ष गुप्ता सोही पदमा दोश्रो पटक निर्वाचित भएका हुन् ।

त्यस्तै महिला सदस्यमा रक्षा चौधरी, दलित सदस्यमा किशोर पासवान र आदिवासी, जनजाति सदस्यमा बृजमान तामाङ निर्विरोध निर्वाचित भएका छन् ।

मधेशी सदस्यतर्फ अरुणकुमार यादव, समावेशीमा परिष कर्ण र खुला सदस्यतर्फ रामनारायण यादव, उत्तम अर्चाय, नर्मदेव यादव तथा शिव अचार्य निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

यसैगरि प्रदेश परिषद सदस्यमा देव प्यानलकै गणेशलाल देव, लोकेन्द्र यादव, शैलेन्द्र झा, अरुण तिवारी, नरेश चौधरी र पवन कुमार मिश्र तथा केन्द्रिय परिषद् सदस्यमा मनोज कुमार माझी र सतिश कुमार दत्त निर्वाचित भएका छन् । महिलातर्फ केन्द्रिय परिषद् सदस्यमा ढमला भटराई निर्विरोध भइन् । शाखामा ८५ मतदाता रहेकामा ८४ जनाले मतदान गरेका थिए ।

## नेपाल पत्रकार महासंघ कोशी प्रदेश अध्यक्षमा खड्का

झापा, २९ मङ्सिर (रासस) ।

नेपाल पत्रकार महासङ्घ कोशी प्रदेश अध्यक्षमा भरतबहादुर खड्का विजयी हुनुभएको छ । शुक्रबार भएको निर्वाचनको शनिबार सम्पन्न मतगणनाअनुसार उहाँ छ सय १४ मतसहित विजयी हुनुभएको निर्वाचन अधिकृत यज्ञप्रसाद शर्माले बताउनुभयो ।

उहाँका अनुसार उपाध्यक्षमा कुमोद निरौला, महिला उपाध्यक्षमा अम्बिका (चन्द्रकला) भण्डारी, महासचिवमा हिमाकुमारी चेम्जोङ, समावेशी सचिवमा अरविन्दकुमार मेहता र कोषाध्यक्षमा सुदीप कोइराला निर्वाचित हुनुभएको छ । खुल्ला सचिवमा यसअघि नै धुव्र भट्टराई निर्विरोध निर्वाचित हुनुभएको थियो ।

यसैगरी, सदस्यमा इन्द्र गिरी, चन्द्रबहादुर कार्की, पर्शुराम थापा, राजकुमारी ओली, रामधन राई, किशोर विश्वकर्मा, खगेन्द्रकुमार राई, लोख्पाजी शेर्पा, अविनाशकुमार निधि, आशीषकुमार यादव र लुकमान अंसारी निर्वाचित हुनुभएको छ ।

## जिप दुर्घटनामा तीनजनाको मृत्यु

लुम्बिनी, २९ मङ्सिर (रासस) ।

पूर्वपश्चिम राजमार्गस्थित बुटवलको तिनाउ पुल नजिकै बलेरो जिप दुर्घटना हुँदा एक दम्पतीसहित तीन जनाको मृत्यु भएको छ ।

शुक्रबारराति बुटवल उपचारका लागि बिरामी बोकेर आउँदै गरेको लु२च २४८० नम्बरको बलेरो जिप दुर्घटना हुँदा जिपमा सवार तीन जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा बुटवल उपमहानगरपालिका-१२ नयाँ गाउँ बस्ने ७१ वर्षीय तिलकराम खनाल, उहाँकी श्रीमती ६७ वर्षीया गौरी खनाल र जिप चालक ३२ वर्षीय हरि न्यौपानेको मृत्यु भएको इलाका प्रहरी कार्यालय बुटवलले जनाएको छ ।

गौरीलाई राति एक्कासि दम बढेपछि उपचारका लागि नयाँ गाउँबाट लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा लैजाने क्रममा जिप पुलको डिभाइडरमा ठोक्किएर दुर्घटना भएको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिनुभयो ।

पुल पार गरिसकेपछिको मोडमा जिप दुर्घटनामा परेको उहाँले बताउनुभयो ।उक्त जिप बुटवल-१३ स्थित अर्घाखाँची क्याटरिङको रहेको बताइएको छ ।

## काठमाडौंमा चिसो बढ्यो

काठमाडौँ, २९ मङ्सिर (रासस) ।

काठमाडौँमा शनिबार यस वर्षकै चिसो महसुस गरिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार शनिबार काठमाडौँको न्यूनतम तापक्रम २ डिग्रीमा झरेको छ ।

यसअघि शुक्रबार काठमाडौँको न्यूनतम तापक्रम ३.१ डिग्री थियो । महाशाखाले शनिबार बिहान ८:४५ बजे सार्वजनिक गरेको तापक्रम विवरणअनुसार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस ७.२ डिग्रीमा झरेको छ ।

हाल देशमा पश्चिमी वायुको सामान्य प्रभाव रहेको छ । हाल देशभर मौसम सामान्यतया सफा रहेको जनाइएको छ । तराईका केही स्थानमा हुस्सु/कुहिरो लागेको विभागले जानकारी दिएको छ ।

दिउँसो कोशी प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहने जनाइएको छ । राति देशभर मौसम मुख्यतया सफा रहने शनिबार बिहान जारी बुलेटिनमा जनाइएको छ ।

## पत्रकार महासंघ सिरहाको अध्यक्षमा पुनः बनैता

**दैनिक समाचारदाता सिरहा, २९ मंसिर ।**

नेपाल पत्रकार महासङ्घ सिरहा शाखाको अध्यक्षमा मनोजकुमार बनैता यादव पुनः निर्वाचित भएका छन् ।

शुक्रबार भएको निर्वाचनमा निकटतम प्रतिस्पर्धी रामबाबु यादवलाई तीन मतान्तरले पछि पार्दै बनैता निर्वाचित भएका हुन् ।

शाखाको अध्यक्षमा दोस्रो कार्यकालका लागि स्वतन्त्र समूहबाट यादव निर्वाचित भएका हुन् । उनले ३३ मत प्राप्त गरेका छन भने नेपाल प्रेस युनियन र प्रेस चौतारी गठबन्धनका उम्मेदवार रामबाबु यादवले ३० मत र प्रेस सेन्टरका हिरालाल चौधरीले १२ मत प्राप्त गरेका छन् ।

यसैगरी, समितिको उपाध्यक्षमा रोयाण्टर मण्डल निर्वाचित हुनुभएको छभने महिला उपाध्यक्षमा उषाकुमारी यादव र यमुना खनालबीच बराबरी मत प्राप्त भएपछि आधाआधा कार्यकाल जिम्मेवारी लिने सहमति भएको छ ।

यस्तै, सचिवमा मुकेश यादव, सहसचिवमा ऐलिना हिङ्माङ्ग चौधरी र समावेशी सहसचिवमा धर्मेन्द्र पासवान, कोषाध्यक्षमा शुभनारायण कामतीसहित १५ सदस्य निर्वाचित भएका छन् ।

**सुरक्षित अन्न भण्डारण गरौं**

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोवस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लहानमा खेलकुद पूर्वाधार निर्माण गर्ने मन्त्री चौधरीको प्रतिबद्धता

**दैनिक समाचारदाता**
**सिरहा, २९ मंसिर ।**

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सिरहाको लहानमा सुविधासम्पन्न खेलकुद पूर्वाधार निर्माण गर्न आफू प्रतिबद्ध रहेको बताएका छन् ।

शनिबार लहानस्थित थारू सामुदायिक सेवा केन्द्रको तेस्रो अधिवेशन कार्यक्रममा उहाँले खेलकुद पूर्वाधार निर्माणका लागि यहाँको स्थानीय तहलाई प्रस्ताव पेस गर्नसमेत आग्रह गरे ।

"लहान नगरपालिकाका र सुरूङ्गा नगरपालिकाका प्रमुखले यस क्षेत्रमा पायक पर्नेगरी खेलकुदको पूर्वाधार निर्माणमा सहयोग गरिदिन अनुरोध गरिरहेका छन् । यस विषयमा म अत्यन्त सकरात्मक छु", मन्त्री चौधरीले भने, "बरू तपाईहरूले खेलकुद पूर्वाधार निर्माणको ठोस प्रस्ताव मन्त्रालयमा पेस गर्नुहोला । कुनै न कुनै स्रोतबाट बजेटको व्यवस्था गर्नेछु ।" थारू समुदाय बाहुल्य रहेको यस क्षेत्रमा थारू युवाहरू उपर्युक्त खेलकुद पूर्वाधारको अभावमा ओझेलमा परेको सम्बन्धमा आफू जानकार रहेको मन्त्री चौधरीको भनाइ थियो ।

त्यसैगरी, मन्त्री चौधरीले भूमिपुत्र थारू समुदायको पहिचान र आत्मगौरवका लागि बन्दै गरेको थारू सामुदायिक भवन निर्माणमा सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे । लहान-१ सिङ्राहीस्थित करिब रू दुई करोड लागतमा थारू सामुदायिक भवन निर्माणको काम भइरहेको छ ।

कार्यक्रममा मधेश प्रदेशका सांसद राजेन्द्रप्रसाद चौधरी, लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरी, सुरूङ्गा नगरपालिका नगरप्रमुख गीता चौधरीलगायतका वक्ताहरूले यस क्षेत्रमा खेलकुद क्षेत्रको विकासका लागि मन्त्री चौधरीको ध्यानाकर्षण गराएका थिए ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रिय खोप तालिकामा पाठेघर क्यान्सरविरुद्धको खोप समावेश

काठमाडौं, २९ मङ्सिर (रासस) ।

राष्ट्रिय खोप तालिकामा पाठेघर क्यान्सरविरुद्धको खोप 'एचपिभी खोप' समावेश गरिएको छ । एचपिभी खोपले पाठेघरको क्यान्सर रोगबाट बचाउन सहयोग गर्छ । पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण एचपिभी अर्थात् 'ह्युमन प्यापिलोमा भाइरस'लाई मानिन्छ ।

सरकारले जापनिज इन्सेफ्लाइटिस, दादुरा र रुबेला, टाइफाइड, निमोनिया, पोलियो, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपटाइटिस्-बी, हेमोफिलस इन्फ्लुएन्जा बी, क्षयरोग गरी ११ वटा रोगविरुद्धको खोप निःशुल्क दिँदै आएकामा पाठेघरको मुखको क्यान्सरको खोप पनि थपिएको हो ।

एघार वटा रोगविरुद्धका खोपहरु शिशु जन्मेको १५ महिनाभित्र पूरा गरिसक्नुपर्छ भने थपिएको एचपिभी खोप कक्षा ६ मा अध्ययनरत छात्रा र विद्यालय नजाने १० वर्षकी किशोरीलाई लगाइनेछ । राष्ट्रिय खोप तालिकामा एचपिभी खोप समावेश गर्न राष्ट्रिय खोप सल्लाहकार समितिले सिफारिस गरिसकेको छ ।

परिवार कल्याण महाशाखाअन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले यस वर्षदेखि एचपिभी खोप अभियान चल्ने भएकाले खोप तालिकामा समावेश गरिएको बताउनुभयो । नेपालबाट पाठेघरको क्यान्सरलाई निवारण गर्ने लक्ष्यका साथ सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान २०८१/८२ सञ्चालन गर्ने निर्णय गरिसकेको छ ।

पाठेघरको मुखको क्यान्सरका कारण बढ्दै गरेको अकाल मृत्युको जोखिमबाट जोगाउने उद्देश्यसाथ करिब १७ लाख किशोरीलाई खोप दिन लागिएको छ । यही माघ २२ गतेदेखि एचपिभी खोप अभियानमार्फत कक्षा ६ देखि १० मा अध्ययनरत किशोरी तथा विद्यालय बाहिर रहेका १०-१४ वर्षकी किशोरीलाई खोप लगाइने भएको छ ।

डा गौतमले भन्नुभयो, "हरेक वर्ष नियमित खोप सेवामार्फत कक्षा ६ तथा विद्यालय बाहिर रहेका १० वर्षे किशोरीलाई खोप दिने लक्ष्य छ । विश्व क्यान्सर दिवसका अवसर पारेर १६ लाख ८८ हजार सात सय ६८ जना किशोरीलाई खोप दिन लागिएको छ । आगाम वर्षदेखि फागुन महिनालाई नियमित एचपिभी खोप सेवा सञ्चालन गर्ने महिना निर्धारण गर्ने सोचेका छौं । आव २०८२/८३ देखि नियमित एचपिभी खोप सेवा सञ्चालन गरिनेछ ।"

नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु भइरहेको तथ्याङ्क छ । 'ग्लोबल क्यान्सर अब्जरभेटरी २०२२' का अनुसार हरेक वर्ष नेपालमा दुई हजार एक सय ६९ जना महिलाहरुलाई यस्तो क्यान्सर हुन्छ भन्ने अनुमान छ । हरेक वर्ष एक हजार तीन सय १३ जना महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने र औसतमा प्रत्येक दिन चार जना महिलाहरुको पाठेघरको मुखबाट मृत्यु हुने अनुमान गरिएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
भूमिसुधारतथामालपोतकार्यालयसप्तरी,राजविराज

मिति :-२०८१/०८/२५

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २ रक्षा प्रसाद सिंहको नाममा दर्ता रहेका साविक प्रगन्ना जगदर मौजे बिहारपुर सा.कि.नं. २२ को ज.वि. ०-९-८ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. फकिरा वडा नं.१ हाल राजविराज न.पा. वडा नं. ८ बस्ने जितन प्रसाद सिंहको बुहारी रामाशिष प्रसाद सिंहको पत्नी श्रीमती शैल कुमारी सिंह-१ र ऐ. ऐ. बस्ने ऐ. को बुहारी राज नारायण सिंहो पत्नी विमल देवी सिंह-१ ऐ.ऐ. बस्ने लक्ष्मी प्रसाद सिंहको नाति जितन प्रसाद सिंहको माहिलो छोरा पशुपति प्रसाद सिंह-१ ऐ.ऐ. बस्ने ऐ.ऐ.को काहिलो छोरा अनन्त प्रसाद सिंह-१ समेत ४ को यस कार्यालयमा द.नं. ३६२९ मिति २०८१/०५/२३ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०८/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २२ | रक्षा प्रसाद सिंह | राजविराज | ५क | ३३८ | ०-२-७ | श्रीमती शैल कुमारी सिंह<br>विमल देवी सिंह<br>पशुपति प्रसाद सिंह<br>अनन्त प्रसाद सिंह | यो जग्गाको फिल्डबुकमा ज.ध. महल खाली, जोतहा महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा जितन प्रसादको नम्बरी हो। |

नायब सुब्बा

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

अनुरोधकर्ता
महादेवा गाउँपालिका, सप्तरी

# ‘अस्थिर राजनीतिको असर अर्थतन्त्रमा देखिएको छ’

काठमाडौँ, २९ मङ्सिर (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अस्थिर राजनीतिको असर मुलुकको अर्थतन्त्रमा देखिएको बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) को शनिबार यहाँ आयोजित १५औँ वार्षिक साधारणसभामा उहाँले अस्थिर राजनीतिको प्रतिच्छायाले अर्थतन्त्र ओझेलमा परेको बताउनुभयो ।

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्रीले समृद्धिलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै राजस्व सङ्कलन र खर्च प्रणालीमा समस्या देखिएकाले सोको समाधानका लागि सरकारको ध्यान केन्द्रित रहेको बताउनुभयो ।

“राजस्व लक्ष्यअनुसार सङ्कलन हुन सकेको छैन । भन्सारमा आधारित राजस्व प्रणाली रहेकाले मागमा कमी आउँदा सङ्कलन घट्नुका साथै पुँजीगत खर्च पनि कमजोर भएको छ”, उहाँले भन्नुभयो । खर्च प्रणालीलाई व्यवस्थित र सहज बनाउन सार्वजनिक खरिद ऐन संशोधनका लागि प्रयास भइरहेको सञ्चारमन्त्रीले बताउनुभयो । दूग्ध र उखु किसानलाई सरकारले यथाशीघ्र भुक्तानी दिने उहाँले जानकारी दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीकर्ताको मनोबल बढाउन सरकारस्तरमा भएका प्रयासको सर्हाना गर्दै निजी क्षेत्रले पनि सरकारसँग साझेदारी गर्ने बताउनुभयो । उहाँले उद्योगी-व्यवसायी बैंकको ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने स्थिति उत्पन्न हुन नदिन सरकारले बनाएका नीति प्रभावकारी कार्यान्वयन गर्न सबै पक्ष र सरोकार भएका निकाय जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो ।

“सरकारले नीति ल्याएर मात्र हुँदैन । सो प्रभावकारी कार्यान्वयन गर्न सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्दछ । अर्न्थमन्त्रालय तथा सरोकार भएका निकायबीच समन्वय आवश्यक छ”, उहाँले भन्नभयो । निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी सरकारले रोक्न नहुनेमा उहाँले जोड दिनुभयो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सरकारका नीतिहरूलाई स्थिरता प्रदान गरी लगानी र व्यवसायका समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो । अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न निजी क्षेत्रले सरकारलाई आवश्यक सहयोग र समन्वय गर्ने उहाँले बताउनुभयो ।


## लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### अफ्रिकाका १५ करोड मानिस ‘चरम गरिबी’मा : डब्लुएचओ

नैरोबी, २९ मङ्सिर (रासस/सिन्ह्वा) ।

अत्यधिक चिकित्सा खर्चले अफ्रिकाका १५ करोडभन्दा बढी मानिसलाई गरिबीमा धकेल्दै गुणस्तरीय र उत्पादनशील जीवनलाई वञ्चित गरेको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले जनाएको छ ।

बिहीबार विश्वव्यापी स्वास्थ्य कभरेज दिवसको अवसरमा सार्वजनिक गरेको ‘ट्र्याकिङ फाइनान्सियल प्रोटेक्शन’ प्रतिवेदनमा डब्ल्यूएचओले उक्त तथ्याङ्क उल्लेख गरेको छ ।

अफ्रिकाका लागि डब्ल्यूएचओ क्षेत्रीय निर्देशक मात्शिडिसो मोएतीले भन्नुभयो,“आवश्यक औषधि र अन्य स्वास्थ्य खर्च महाद्वीपका कमजोर नागरिकहरूको लागि आर्थिक कठिनाइ र खराब स्वास्थ्य अवस्था निम्त्याउन सक्छ । यस्ता भुक्तानीहरूले धेरै मानिसहरूलाई खाना, आवास र उपयोगिताहरू जस्ता अन्य आधारभूत आवश्यकताहरूमा कम खर्च गर्न बाध्य पार्छ, जसले उनीहरूको अवस्था बिग्रन सक्छ ।”

सन् २००० र सन् २०१९ बीचको अवधिमा आफ्नो घरायसी बजेटको १० प्रतिशतभन्दा बढी औषधि र अन्य स्वास्थ्य सेवामा खर्च गर्नेको सङ्ख्या वार्षिक २५ लाखले बढेको जनाइएको छ ।

प्रतिवेदनका अनुसार उच्च स्वास्थ्य खर्चमा विश्वभरका गरिबमध्ये आधा अफ्रिकामा बसोबास गर्छन् । अत्यधिक खर्चले अफ्रिकी नागरिकहरूलाई खाद्यान्न, कपडा र आश्रय जस्ता आधारभूत आवश्यकताहरूमा खर्च घटाउन बाध्य तुल्याउन सक्ने प्रतिवेदनले जनाएको छ ।

यसले धेरै अफ्रिकी देशहरूले अत्यधिक स्वास्थ्य खर्चको बोझलाई सम्बोधन गर्न बलियो नीति र विधायी ढाँचाहरू अपनाएका छन् ।

### ‘पीआईए’ले सात वर्षको निलम्बनपछि अमेरिका उडान सुचारु गर्ने

इस्लामाबाद, २९ मङ्सिर (रासस/एएनआई) ।

पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पीआईए) ले सात वर्षको निलम्बन पछि संयुक्त राज्य अमेरिकामा उडानहरू सुचारु गर्ने छ । यो देशको उड्डयन क्षेत्रको लागि महत्त्वपूर्ण विकास भएको एआरवाई न्यूजले जनाएको छ ।

अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए) बीच विचाराधीन वित्तीय दायित्वहरू समाधान गर्न समझदारी पत्र (एमओयू) मा हस्ताक्षर भएको छ । पाकिस्तान नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक नादिर शफी दारका अनुसार एफएएलाई भुक्तान छिट्टै हुने अपेक्षा गरिएको छ । एफएए प्रतिनिधिमण्डललाई फेब्रुअरी वा मार्चमा पाकिस्तान भ्रमण गर्ने मार्ग प्रशस्त हुनेछ ।

एआरवाई न्यूजका अनुसार यसले पाकिस्तानलाई एफएएसँग ‘श्रेणी एक’ स्थितिमा पुनः वर्गीकृत गर्ने सम्भावना बढाउँछ, जसले अमेरिकाको लागि सीधा उडानहरू पुनः सुरु गर्न अनुमति दिन्छ ।

पीआईएको संयुक्त राज्यका उडानहरू सन् २०१७ मा निलम्बन गरिएको थियो । सरकारले तीनवटा विद्युत वितरण कम्पनीसहित पीआईएको निजीकरण वर्षको अन्त्यसम्ममा सम्पन्न गर्ने योजना रहेको बताए ।

प्रारम्भमा अक्टोबर १ सम्ममा टुङ्ग्याउने गरी निजीकरण प्रक्रिया चलिरहेको नागरिक उड्डयनले जनाएको छ ।

### श्रीलङ्काको लगभग २५ प्रतिशत बिजुली ‘पीपीपी परियोजना’हरू मार्फत उत्पादन

कोलम्बो, २९ मङ्सिर (रासस/सिन्ह्वा) ।

श्रीलङ्काले सन् १९९० देखि सन् २०२३ सम्म ५ दशमलव ३ अर्ब अमेरिकी डलरभन्दा बढी मूल्यका १७९ आर्थिक रूपमा बन्द सार्वजनिक-निजी साझेदारी (पीपीपी) परियोजनाहरू कार्यान्वयन गरेको छ । एसियाली विकास बैङ्क (एडीबी) को पछिल्लो प्रकाशन प्रतिवेदनमा यी परियोजनाहरूमध्ये अधिकांश विद्युत र बन्दरगाह क्षेत्रमा केन्द्रित रहेका उल्लेख गरिएको छ । कुल एक सय ६२ आयोजना विद्युतसँग सम्बन्धित थिए भने पाँचवटा बन्दरगाहमा केन्द्रित थिए, जुन निजी क्षेत्रको सहभागिताका लागि प्रमुख क्षेत्र बनेका छन् ।

एडीबीका अनुसार, पीपीपीले बन्दरगाह सञ्चालनको गुणस्तर र दक्षता बृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ । पीपीपी मार्फत विकसित टर्मिनलहरूले अहिले देशको पोर्टको लगभग ७० प्रतिशत कार्य गरिरहेको छ ।

श्रीलङ्काको लगभग २५ प्रतिशत बिजुली हाल पीपीपी परियोजनाहरू मार्फत उत्पादन गरिन्छ । एडीबीले श्रीलङ्कामा आर्थिक रूपमा बन्द भएका पीपीपी परियोजनाहरूमध्ये अधिकांश सक्रिय रहेको र तीनवटा मात्र परियोजनाहरू रद्द भएको देखाएको छ ।

### फिलिपिन्सको राजधानीमा आगलागी हुँदा पाँच जनाको मृत्यु

मनिला, २९ मङ्सिर (रासस/सिन्ह्वा) ।

फिलिपिन्सको राजधानीमा शनिबार बिहान भएको एक आवासीय आगलागीमा पाँच जनाको मृत्यु भएको फिलिपिन्सको अग्नि सुरक्षा ब्यूरोले जनाएको छ ।

स्थानीय समय अनुसार बिहान ७:१४ बजे सुरु भएको आगलागीले नाभोटास सहरको एउटा घर ४० मिनेटभन्दा कम समयमै ध्वस्त पारेको र त्यसमा ४१ वर्षीया महिला र १७ वर्षका चार युवतीसहित पाँच जनाको मृत्यु भएको ब्यूरोले जनाएको छ ।

घाइतेहरूलाई स्थानीय अस्पतालमा लगिएको थियो । आगलागीको कारणबारे अग्निनियन्त्रकहरूले अनुसन्धान गरिरहेका छन् ।

# मधेसका पर्यटकीय गन्तव्यमा 'पर्यटक प्रहरी' थपिँदै

पर्सा, २९ मङ्सिर (रासस)।
मधेस-प्रदेशका पर्यटकीय गन्तव्यमा शान्तिसुरक्षाको सु-व्यवस्था मिलाउन पर्यटक प्रहरी थपिने भएका छन्। गर्न तथा विदेशी पर्यटकलाई सहजीकरण गर्न मधेस-प्रदेशका प्रमुख गन्तव्यमा पर्यटक प्रहरी थपको प्रक्रिया प्रारम्भ भएको छ।

हाल जनकपुर र वीरगञ्जमा मात्र पर्यटक प्रहरीको व्यवस्था भएकामा अब ठोरी गाउँपालिकामा नयाँ इकाइ स्थापनाको प्रक्रिया प्रारम्भ गरिने भएको छ।

उक्त पालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले पर्यटक प्रहरीका निम्ति आवश्यक भौतिक पूर्वाधार उपलब्ध गराउन आफ्नो पालिका तयार रहेको बताउनुभयो।

वीरगञ्ज होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष हरि पन्तले पर्यटक प्रहरीको अभावमा मधेस घुम्न आउने विदेशी पर्यटकले सास्ती बेहोर्नु परेकाले त्यसो हुन नदिन थप सुरक्षाकर्मी परिचालन गर्न स्थानीय प्रशासनसँग आफूहरुले अनुरोध गरेको बताउनुभयो। "यहाँका होटल व्यवसायीहरुले विभिन्न समयमा प्रहरीबाट अभद्र व्यवहारको सामना गर्दै आइरहेका छन्", उहाँले भन्नुभयो, "त्यस्ता गतिविधि हुन नदिन जरुरी भइसकेको छ।"

मधेस प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले मधेस प्रदेशमा पर्यटकीय क्षेत्रको सुरक्षाका लागि पर्याप्त सुरक्षाकर्मीलाई पर्यटक प्रहरीका रुपमा परिचालन गर्न सकिने बताउनुभयो।

मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री शकिल अलि मियाँले प्रदेश सरकार पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर अघि बढेको बताउनुभयो। वीरगञ्ज नाका हुँदै भारतीय पर्यटकहरु जनकपुर, गढिमाईलगायत यहाँका धार्मिकस्थलको भ्रमणमा जाने गरेका छन्।

# मधेशमा धनुषाबाट अख्तियारमा सबैभन्दा बढी उजुरी

जनकपुरधाम, २९ मङ्सिर (रासस)।
अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दीवासले मधेश प्रदेशको विभिन्न जिल्लाबाट विगत दुई आर्थिक वर्षमा परेका उजुरीमध्ये छ हजार चार सय ७२ उजुरी फछ्र्यौट गरेको जनाएको छ।

सो कार्यालयबाट प्राप्त प्रतिवेदनका अनुसार सो कार्यालयमा आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ मा मधेश प्रदेशको आठ जिल्लाबाट कुल आठ हजार पाँच सय २९ उजुरी दर्ता भएको थियो। जसमध्ये सबैभन्दा बढी धनुषाबाट उजुरी परेको थियो।

प्राप्त प्रतिवेदनमा उक्त दुई आर्थिक वर्षमा धनुषाबाट एक हजार चार सय २२ उजुरी परेकामा एक हजार ५६ उजुरी फछ्र्यौट भएको थियो।

त्यसैगरी, दुई वर्षमा बाराबाट एक हजार दुई सय सात उजुरीमध्ये आठ सय ८७, सप्तरीबाट एक हजार एक सय ७० उजुरीमध्ये नौ सय ७१, रौतहटबाट एक हजार ३५ उजुरीमध्ये सात सय ३४, महोत्तरीबाट एक हजार २२ उजुरीमध्ये आठ सय ३४ उजुरी फछ्र्यौट भएको जानकारी दिइएको छ।

त्यस्तैगरी, पर्साबाट नौ सय ५६ उजुरीमध्ये छ सय ९१, सिरहाबाट आठ सय ८१ उजुरीमध्ये छ सय ८७ तथा सर्लाहीबाट आठ सय ३६ उजुरीमध्ये छ सय ४२ उजुरी फछ्र्यौट भएको कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ।

उपरोक्त उजुरीमध्ये ८० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको सो कार्यालयले जनाएको छ। सो सम्बन्धित गत असोज महिनामा सो कार्यालयका प्रमुख रामबहादुर कुरूम्बांगले मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसमक्ष आफ्नो कार्यालयको वार्षिक प्रतिवेदनसमेत बुझाएको थियो।

# 'नवीन योजनाका साथ पार्टी काममा जुट्न निर्देशन'

काठमाडौँ, २९ मङ्सिर (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले नयाँ ढङ्गले पार्टीका कामकारबाहीलाई अघि बढाउन नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभएको छ। एमाले लमजुङ-काठमाडौँ सम्पर्क मञ्चले शनिबार राजधानीमा आयोजना गरेको विभिन्न पाँचवटा पालिका सम्पर्क मञ्चको सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सङ्गठन विस्तार तथा जनसरोकारका मुद्दामा केन्द्रित हुन आग्रह गर्नुभयो।

"तपाईंहरूले आजदेखि नै के अठोट गर्नुस् भने हाम्रा पालामा म केही न केही नयाँ काम गर्छु, अर्को पटक नेतृत्व लिनेगरी काम गर्नुस्", उपमहासचिव गुरुङले भन्नुभयो, "इमानदारितापूर्वक र गतिशील भएर काम गर्दा सफलता पाउन सकिन्छ, यतातर्फ ध्यान दिनुहोला।" अध्ययनशीलता र लगनशीलताले व्यक्तिलाई सफलतातर्फ उन्मुख गराउने भन्दै उहाँले अध्ययनका क्रममा प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न पनि आग्रह गर्नुभयो।

उपमहासचिव गुरुङले पार्टी नेतृत्व र सरकार विरूद्धको घेराबन्दी तोड्नेगरी योजना बनाइनुपर्नेमा जोड दिँदै नेता जत्तिकै कार्यकर्ता पनि सक्रिय हुनुपर्ने बताउनुभयो। उहाँले मुख्य जिम्मेवारीमा रहेका नेता तथा कार्यकर्ताले राजनीतिक सक्रियता अझ अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। आफ्नो पार्टीले केही समयअघि राजधानीमा आयोजना गरेको जनजागरण सभामा देखिएको सहभागितालाई लिएर सन्तुष्ट हुन नसकिने जनाउँदै उहाँले विभिन्न साङ्गठनिक जिम्मेवारीमा रहेकाले थप मेहनत गर्नुपर्ने बताउनुभयो।

# जसपा नेपालले संगठन निर्माण अभियानलाई माघ मसान्तसम्म जारी राख्ने

काठमाडौँ, २९ मङ्सिर (रासस)।
जनता समाजवादी पार्टी (जसपा) नेपालले 'जनतासँग जसपा नेपाल, सङ्गठन निर्माण अभियान'लाई आगामी माघ मसान्तसम्म जारी राख्ने निर्णय गरेको छ।

पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा शनिबार सम्पन्न कार्यकारिणी समिति बैठकले सङ्गठन विस्तार अभियान प्रभावकारी रहेको निष्कर्ष निकाल्दै यसलाई माघ मसान्तसम्म निरन्तरता दिने निर्णय गरेको हो। बैठक शुक्रबार सुरु भएको थियो।

बैठकले स्थानीय तह उपनिर्वाचनमा मधेश प्रदेशसहित जसपा नेपालले देशैभरिबाट प्राप्त गरेको मत परिणाम सन्तोषजनक रहे पनि पर्याप्त नरहेकाले सङ्गठन निर्माण एवं विस्तार अभियानलाई थप प्रभावकारी बनाउने निष्कर्ष निकालेको पार्टी प्रवक्ता मनिष सुमनले जानकारी दिनुभयो।

यस्तै, बैठकले पूर्वपश्चिम राजमार्ग केन्द्रीत सङ्गठनात्मक गतिविधि सञ्चालन र सङ्गठन निर्माणका लागि विशेष साङ्गठनिय कार्ययोजना तयार गर्ने निर्णयसमेत गरेको उहाँले बताउनुभयो।

महाधिवेशनपछि थप भएका क्रियाशील सदस्यता विवरण केन्द्रीय कार्यालयले आगामी फाल्गुन १५ गतेभित्र आद्यावधि गर्ने, पार्टीको स्थानीय तह र प्रदेश अधिवेशन चैत्र महिनाभित्र सम्पन्न गर्ने र आगामी वैशाख २५ गतेभित्र सम्पूर्ण प्रदेश तथा राष्ट्रिय समितिहरूको अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको प्रवक्ता सुमनले बताउनुभयो। तोकिएको समयभित्र अधिवेशन सम्पन्न गर्न नसक्ने भ्रातृ सङ्गठन स्वतः विघटन हुनेसमेत निर्णय गरिएको जसपाले जनाएको छ।

# अनुसन्धान अधिकृतलाई आरोपीले घूस दिन खोजेपछि ...

काठमाडौँ, २९ मङ्सिर (रासस)।
भ्रष्टाचार नियन्त्रणका लागि अनेकन निरोधात्मक उपाय अपनाउने अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा नै कुनै सरकारी कर्मचारी घूस रकमसहित पुग्छ भन्ने कुरा आममानिसले पत्याउन मुस्किल नै हुन्छ। आममानिसले मात्रै नभई स्वयम् आयोगले समेत नपत्याउने घटना शुक्रबार भएको छ।

आयोगले अछामको मेल्लेख गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत एवम् हाल नुवाकोटको किस्पाङ गाउँपालिकामा सोही पदमा कार्यरत ध्रुवप्रसाद सापकोटासँग जोडिएको एक मुद्दामा अनुसन्धान गरिरहेको थियो। मेल्लेख गाउँपालिकाको मेसिनरी सामान खरिदसम्बन्धी उजुरीको अनुसन्धानका क्रममा स्थलगत मुचुल्का र आरोपीको बयानसमेत भइसकेको छ। अनुसन्धानको क्रममा रहेको विषयसँग सम्बन्धित कागजात बुझाउन आएको भनी अनुसन्धान अधिकृतलाई कागजातसहितको खाम सापकोटाले बुझाउन खोजेका थिए।

अनुसन्धान अधिकृतले आफैँले खाम खोल्न आग्रह गरेका थिए। सापकोटाले बोकेको हरियो रङ्गको झोलाभित्र रहेको पहेंलो खाममा ३१ थान कागजात र अर्को खामभित्र रु एक हजार दरको ९६ वटा र पाँच सय दरको आठ थान गरी रु एक लाख रकम रहेको आयोगले जनाएको छ।

अनुसन्धान अधिकृतले यो केको पैसा हो ? भनी प्रश्न गर्दा प्रमुख प्रशासकीय अधिकृत सापकोटाले मुद्दा मिलाइदिन भनी स्वेच्छाले ल्याएको बताएका थिए। सापकोटाले आयोगका अनुसन्धान अधिकृतलाई घूस दिने उद्देश्यले ल्याएको उक्त रकमसहित पक्राउ गरिएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो। आयोगको कञ्चनपुर कार्यालयबाट शुक्रबार सापकोटालाई घूस रकमसहित पक्राउ गरिएको हो।


स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी विभाग दर्ता नं.१२०१०५/०५८

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**राजविराज-४, सप्तरी**

मिति : २०८१/०८/३०

**अनुसूचि-१**
(यस संस्थाको निर्वाचन कार्यविधि २०७७ को दफा ५ सँग सम्बन्धित)

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा तथा सुपरीवेक्षण समितिका पदाधिकारी सदस्यहरुको निर्वाचनको लागि प्रकाशित निर्वाचन कार्यक्रम।

**निर्वाचन कार्यक्रम**

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०८१/०९/११ गते | दिनको ११ बजे | मतदाता नामावली प्रकाशन |
| २०८१/०९/१४ गते | दिनको ११ बजे देखी ३ बजे सम्म | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| २०८१/०९/१४ गते | दिनको ४ बजे | अन्तिम नामावली प्रकाशन |
| २०८१/०९/१६ गते | दिनको ११ बजे देखी ३ बजे सम्म | उम्मेदवारी दर्ता |
| २०८१/०९/१६ गते | दिनको ४ बजे | उम्मेदवारको नामावली प्रकाशन |
| २०८१/०९/१७ गते | दिनको ११ बजे देखी ३ बजे सम्म | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०८१/०९/१८ गते | दिनको ११ बजे देखी ३ बजे सम्म | दावी विरोध उपर छानबिन |
| २०८१/०९/१८ गते | दिनको ४ बजे | उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| २०८१/०९/२५ गते | दिनको ९ बजे देखी ३ बजे सम्म | मतदान कार्यक्रम |
| २०८१/०९/२५ गते | दिनको ४ बजे देखी मतगणना सम्पन्न नभएसम्म। | मतगणना |
| | मतगणना सम्पन्न पश्चात | निर्वाचन परिणाम घोषणा र प्रमाण-पत्र वितरण |
| कार्यक्रम समापन | | |

संयोजक
निर्वाचन उपसमिति


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*